प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

# स्थानीय सेवाका सहायकस्तर चौथो तहको अप्राविधिक पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १५२।२०८२-०८३ प्रकाशित मितिः- २०८३।०२।०७

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंको मिति २०७६।०२।१५ गते प्रकाशित स्थानीय तहको पदपूर्ति सम्बन्धी सूचनाअनुसार बढुवाका लागि छुट्याइएका पद र यस आयोगको सूचना नं. ०३/२०७८/७९, मिति २०७८।१०।२५ र सूचना नं. १६७/२०७९-०८०, मिति २०७९।०९।२६ मा प्रकाशित सूचना अनुसार जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएका तपसिलका पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ३१ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारण भएको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०३।१० गते सम्म दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://ppsc.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्त फारामहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा २७ को उपदफा (२) बमोजिमको बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रुपमा पेस गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेस गर्नुपर्ने।
५. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिमको तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।
६. ज्येष्ठतावापतको अङ्क गणना गर्दा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।
७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ बमोजिम हुने।

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदको विवरण

| क्र.सं. | बढूवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद संख्या |
|---|---|---|---|---|
| १. | ०९।०८२-८३ | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | १३ |

**दरखास्त दस्तुरः-** रु. ४००।- (चार सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** https://revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

# प्रदेश निजामती सेवा र स्थानीय सेवा सहायकस्तर चौथो तहको अप्राविधिक पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. १५३।२०८२-०८३ प्रकाशित मितिः- २०८३।०२।०७

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंको मिति २०७६।०२।१५ गते प्रकाशित स्थानीय तहको पदपूर्ति सम्बन्धी सूचनाअनुसार बढुवाका लागि छुट्याइएका पद र यस आयोगको सूचना नं. ०३/२०७८/७९, मिति २०७८।१०।२५, सूचना नं. १६७/२०७९-०८०, मिति २०७९।०९।२६ र सूचना नं. १७६।२०८०-०८१ मिति २०८०।११।२९ मा प्रकाशित सूचना अनुसार छुट्याइएका देहायका पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवाहरुको आयोगको अनलाइन दरखास्त प्रणाली https://ppsconline.karnali.gov.np/#/login बाट अनलाइन दरखास्त दिनुपर्नेछ।

| क्र.स. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह | पदपूर्ति किसिम/समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ३०१/२०८२-०८३ | प्रशासन सहायक | प्रदेश प्रशासन, सामान्य प्रशासन | आन्तरिक प्रतियोगिता | १ | २०८३-०४-३० बिहान ८:०० बजे | २०८३-०४-३० दिनको २:०० बजे |
| २. | ३०२/२०८२-०८३ | प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | आन्तरिक प्रतियोगिता | ४७ | २०८३-०४-३१ बिहान ८:०० बजे | २०८३-०४-३१ दिनको २:०० बजे |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.४००।- (चार सय रुपैया मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको Wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचरसहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित पदहरूमा अनलाइन प्रणालीमार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणालीमार्फत् दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** मा हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू:–** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः–** २०८३।०२।२७ सम्म र दोब्बर दस्तुर तिरी २०८३।०३।०३ सम्म।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः–** सेवा, समूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः–** प्रचलित कानुन बमोजिम।

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण।

## दरखास्त दिने उम्मेदवारहरुले ध्यान दिनुपर्ने विषयहरुः-

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा एक तहमुनिको पदमा न्यूनतम तीन वर्ष सेवा अवधि पूरा भएका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सम्बन्धित तहमा समायोजन भएका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) आयोगले निर्धारण गरेको उम्मेदवारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्बन्धी फाराम सम्बन्धित अधिकारीको प्रमाणित गराई upload खण्डको तोकिएको महलमा अनिवार्य रुपमा scan गरि upload गर्नु पर्दछ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर बनुझाएको दरखास्त स्वीकृत गरिने छैन। दरखास्त दिने अन्तिम मितिभित्र उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेस गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेस गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गग दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको) भन्ने बेहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेस गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र र सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति साथै प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

(च) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तिमा ५ (पाँच) दिन अगावै आयोगमा सम्पर्क गरी लिखित निवेदन दिनुपर्नेछ।

(ज) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेवसाईट https://ppsc.karnali.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

(ट) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली, निर्देशिका तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

**थप जानकारीका लागि**

**सम्पर्क नम्बरः** ०८३-५९०३०० र ०८३-५९०३०६

**Website:** https://ppsc.karnali.gov.np **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np